# छुस्याबहाल (विहार) को कला वास्तुकलाः एक अध्ययन

**गंगा खरेल**
ने.ए.अ.के.

**पृष्ठभूमि**

विहार शब्दको बौद्धधर्मसित गहिरो सम्बन्ध छ। बौद्धधर्म मूलतः बुद्धका उपदेश, तिनमाथि भएका टीका-टिप्पणी, खोज विश्लेषण र अन्तर्क्रियाबाट विकसित भएको धर्म हो। गौतमबुद्धकै समयमा धर्म (उपदेश) प्रचारका विविध उपायमध्ये उपदेश ग्रहण गरी तिनको प्रचारार्थ उत्प्रेरित र उत्सर्गित त्यागीहरूलाई भिक्षु बनाई तिनको वास-गाँस र आत्मचिन्तन, आत्मोन्नतिका लागि उपयुक्त शान्त स्थलको निर्माण गर्ने चलन चल्यो। त्यस्ता स्थल नै विहार हुन्। पछि धर्ममा पूजा-उपासना बढी सशक्त पद्धति हुन थालेपछि विहार चिन्तन-मनन्-पठन-पाठन, उपासना र संस्कारका केन्द्र बन्न पुगे। बौद्धमार्गीहरूको जनसंख्याको वितरण अनुसार नगरका विभिन्न भागमा यस्ता केन्द्र बनिएको कुरा काठमाडौं उपत्यकाका नगरहरूको वास्तुकलाले व्यक्त गरेको छ। यहाँको नेवारी लवजमा संस्कृतको विहारलाई बहि, बहाल बहिल आदि शब्द प्रयुक्त गरिएका छन् र समयको गतिका साथै तिनमा भिन्नता पनि विकसित भए। तल ती भेदको चर्चा गरिनेछ।

काठमाडौं महानगरपालिकाको वडा नं. ३० ज्याठाटोलमा सडकको छेउमै छुस्याबहाल अवस्थित छ। छुस्याबहालको प्राचीन नाम 'गुणाकर महाविहार' हो। यसलाई मध्यकालीन विहारहरूमा उत्कृष्ट मानिन्छ। खासगरी यसको वास्तुकलाको संरचनालाई उत्कृष्ट कलात्मक विहार वास्तुकलाको नमूनाको रूपमा प्रस्तुत गर्न सकिन्छ। यस विहार वास्तुकलाको चर्चा गर्नुभन्दा पहिलो नेपाली विहार वास्तुकलाबारे संक्षिप्त परिचय दिनु उचित हुनेछ।

नेपालीमा विहारलाई बुझाउने दुई शब्द प्रचलित छन्- *बहाल* र *बहिल,* यी शब्द नेवारीका *बाहा* र *बही* बाट बनेका छन्। यी शब्दहरू संस्कृत *विहार*का अपभ्रंश हुन्।

**बहाल र बहिलमा भेद**

उपत्यकाका पुराना विहार अर्थात् बहिलले प्राचीन भारतका चट्टानलाई काटी प्वाल पारी बनाइएको गुफा कोठाका चैत्य सहित विहारको सम्झना दिलाउंछन्। चारैतिर घर, बीचमा

*Contributions to Nepalese Studies,* Vol. 24, No. 1 (January 1997), 87–112.
Copyright © 1997 CNAS/TU

चोक, सामुन्ने कोठामा पूजा स्थल र तीनतिरका कोठाहरूमा भिक्षु बस्ने कक्षहरू काठमाण्डौ उपत्यकाका बहिलमा पाइन्छन्।

साधारणतया समानार्थक लागेतापनि बहाल र बहिललाई त्यहाँ गरिने विभिन्न धार्मिक तथा सामाजिक क्रियाकलाप र बनावटको केही भिन्नताको आधारमा छुट्याइने गरिन्छ। जर्मन विद्वान उल्फग्याङ्ग कर्नले बहाल र बहिलको वास्तुकलात्मक स्वरूपको भिन्नताको व्याख्या राम्ररी गरेका छन्।[१] केही विद्वानहरूले बहालभन्दा बहिलको वास्तुकलालाई बढी प्राचीन मानेका छन्।[२] सामान्यतया बहिललाई ब्रह्मचारी भिक्षुहरू बस्ने भवन र बहाललाई विवाहित भिक्षुहरू बस्ने भवन मानिन्छ।[३] हीनयानी भिक्षुहरू कट्टर हुन्थे, उनीहरू नगरबाहिर एकान्त स्थानमा बनेको विहारमा ब्रह्मचर्य पालन गरी जीवन बिताउनुलाई निकै महत्व दिन्थे। भिक्षुहरूको विवाह बज्रयानको प्रवेशपछि सम्भव भएको कुरा इतिहासबाट ज्ञात हुन्छ।[४] यसप्रकार बौद्ध धर्ममा बज्रयानको प्राधान्य भएपछि प्राचीन विहार, बहाल र बहिल गरी दुई भागमा विभाजित हुन पुगे।[५] काठमाण्डौ उपत्यकाका हालसम्म कायम स्थानीय बहालमा महायानी र बज्रयानी बौद्धहरू बस्ने गर्छन् भने बहिलमा शाक्यहरू बस्ने गर्छन्। बहालमा शाक्य तथा बज्राचार्यहरू बस्ने गरेको प्रायः देखिंदैन। बहिलमा बस्ने शाक्यभिक्षुहरूलाई *विखुवरे* र *विख्खु-भिख्खु-भिक्षुवरे* भनिन्छ। विख्खु शब्द पालिमूलक *विक्खु* शब्दको अपभ्रंश मानिन्छ।[६] हरेक बहालको शाक्य भिक्षुहरूको संघसँग सम्बन्ध हुन्छ।[७] बहाल र बहिलका सदस्यहरूको सामाजिक सांस्कृतिक क्षेत्रमा आपसी सम्पर्क कम देखिन्छ। यसरी बहिल र बहालका शाक्यभिक्षुहरूमा आरम्भमा ब्रह्मचर्य र गार्हस्थ्य आवश्यकतामा आधारित सामाजिक कारण र सिद्धान्ततः सम्बन्ध नहुनाले पनि नेपाली विहारका वास्तुकलागत संरचनामा यसरी बहाल र बहिलको रूपमा भिन्नता भएको हुन सक्दछ। काठमाण्डौ उपत्यकाका बहालहरू प्रायः शहरी इलाकाभित्र बनेका हुन्छन् भने बहिलहरू शहरी इलाकाभन्दा बाहिर बनेका पाइन्छन्।[८]

वास्तुकलागत संरचनात्मक आधारमा पनि बहाल र बहिलमा अन्तर पाइन्छ।[९] प्रथमतः बहिलको गर्भगृहलाई बहालको तुलनामा सांघुरो परिक्रमा पथले घेरिएको हुन्छ। दोस्रो, बहिलमा भुई तल्लाका दलानहरूमा काठको आँखीझ्याल (तिकिझ्याः) ले बारेर कोठाको रूप दिएको हुन्छ। दोश्रो तल्लामा काठका (यां) खम्बाहरूयुक्त खुल्ला (मटान) ग्यालरी हुन्छ।[१०] बहाल र बहिलको वास्तु स्वरूपका अनेक भिन्नताहरू देखाइएका छन्। उल्फग्याङ्ग कर्नले वास्तुकलात्मक निर्माणको आधारमा बहाल र बहिलका आपसी भिन्नताको दशवटा विशेषताहरूको गणना गराएका छन्।[११] नेपाली प्रचलित बौद्ध धर्ममा बज्रयानको प्रभाव परेपछि भिक्षुहरूले विवाह गरी गृहस्थ हुन थालेपछिको बहालले झण्डै आवासयि शैलीको वास्तुकलाको प्रतिनिधित्व गर्दछ।[१२] यसरी सपरिवार भिक्षु बस्ने उद्देश्यले मध्यकालीन नेपालमा बनेका केही विहारहरूलाई *महाविहार* को रूपमा लोकप्रिय बनाइएको पाइन्छ।

उपत्यकाका सबै विहारहरूमा यस्ता भिन्नता दृष्टिगत हुंदैनन्। केही बहिलहरूमा उल्फग्याङ्ग कर्नले प्रस्तुत गरेका लक्षणहरू पाइन्छन् तर सबैमा पाइन्दैनन्। बहालका

रूपमा चिनिने काठमाण्डौ उपत्यकाका विहारहरूमा प्रवेशद्वारको दाँया बाँया सिंह मूर्ति तथा प्रवेशद्वारमाथि तोरण बनेका पाइन्छन्। हालको कुनै उदाहरणमा ढोकामाथिको तोरण र दाँया बाँया सिंह मूर्ति चोरी वा विनाशका कारण नदेखिनु स्वभाविक हो। यस आधारमा बहाल र बहिलको वास्तुकलात्मक र संरचनात्मक भेद कहाँसम्म तर्कसंगत छ भन्न गाह्रो छ। किन्तु नेपाली विहार वास्तुकलाको मूल तर्क संगत छ भन्न गाह्रो छ किन्तु नेपाली विहार वास्तुकलाको मूल स्वरूपको निरूपण नगरकिन बहाल र बहिलमा भिन्नता देखाउन मिल्दैन। आकार प्रकारको आधारमा बहाल र बहिलमा केही भिन्नता भएको कुरा सबैले मानेका छन्। बहाल, बहिलको अनुपातमा ठूलो हुन्छ। बहिलसंग प्राचीन विहारको सम्बन्ध देखिन्छ। उदाहरणार्थ, कीर्तिपुण्य महाविहारअन्तर्गत *न्हायूकं बहिल* र *छ्वाकंबहिल* रहेबाट स्पष्ट हुन्छ। यसकारण बहिललाई शुद्ध हीनयानी बौद्ध वास्तुको नमूना थियो भन्न गाह्रो पर्दछ। न्हायूकं बहिल र छ्वाकं बहिललाई *कचा बहाल* अर्थात् शाखा बहाल भनिन्छ। यसो हुनाले यो कुनै मूल विहारअन्तर्गत स्थापना भएका हुनुमा बढी सम्भावना देखिन्छ।


कुनै समयमा उपत्यकाका बहालहरू पनि हाल जस्तै गृहस्थ भिक्षुहरूको आवास नभई शिक्षण केन्द्रको रूपमा रहेको बुझिन्छ। सम्भवतः यसै उद्देश्यले मूल बहालका शाखा प्रशाखाहरू खोलिएका हुन सक्छन्।

विहारको मूल प्रवेशद्वारको सामुन्ने गर्भगृहको निर्माणको आधारमा बहाल र बहिललाई छुट्याउने कोशिश गरिएको छ।[१३] काठमाण्डौका केही विहारहरूमा बाहेक सबैमा यस्तो पाइन्दैन। ठमेलको विक्रमशील महाविहारमा दीपंकर बुद्धलाई पूजा गर्ने चलन चल्यो।[१४] त्यसैगरी कीर्तिपुण्य महाविहारको गर्भगृह मूल विहारको मूल प्रवेशद्वारको ठीक सामुन्ने नभई त्यसको बायाँपट्टि पर्दछ। यस्ता अन्य उदाहरणहरूमा काठमाण्डौको ऊँबहाल टोलको *मन्जुश्रीचक्र महाविहार*, पोडे टोलको *खालाछें बाहा,* काठमाण्डौ जोरगणेशको पछाडिको *न्हुछे बाहा,* ध्वाकाटोलनिरको *वाकु बाहा* र कोटलाछी टोलको *भिमननी बाहा* लाई प्रस्तुत गर्न सकिन्छ।

बहिलका आगमछेंको छानामाथि प्रयोग गरिने गजूरको स्वरूपको आधारमा पनि बहाल र बहिलमा विभेद गर्ने गरिन्छ। तर यसलाई पनि बहाल र बहिल छुट्याउने मूल आधार मान्ने कुरामा सन्देह हुन्छ। बहालको अनुपातमा बहिलका गुठी, सदस्य र आर्थिक श्रोत कम हुने हुनाले मूल विहारको दाँजोमा बहिल सानो हुनु स्वभाविक छ। केही बहिलहरूमा ३०° कोणमा ढल्किएका तीन वा पाँचवटा आँखेभ्यालहरू, मन्दिर जस्तो गजूर बनेका पाइन्छन्। यिनबाट निर्माणकालमा त्यस्ता बहिलहरूको आर्थिक अवस्था केही हदसम्म राम्रो रहेको तथ्यको अनुमान गर्न सकिन्छ। विशेष प्रकारका सँभ्याः, गाःभ्याः, पंचमुखी भ्याः जस्ता उच्च काष्ठकलाको नमूना मूल विहारहरूमा नै अधिक मात्रामा पाइन्छ। सामान्यतः बहिलमा साधारण आँखीभ्याल बनेका हुन्छन्। कुनै कुनै विहारमा काठे आँखेभ्यालमा मोलम्वा सहितको धातुको पाताले मोडेको पनि पाइन्छ। यसर्थ उपर्युक्त प्रयुक्तिको आधारमा वास्तुकलागत भिन्नताको मूल विशेषता मान्न युक्तिपूर्ण देखिदैन। वर्तमान बहाल र बहिलका निवासीहरू मूलतः शाक्यभिक्षुहरू नै हुन्। हाल कतिपय बहाल

र बहिलहरू स्थानीय व्यक्तिहरूको निजी आवासगृह भैसकेका छन्। यसरी विहारको परम्परागत वास्तु संरचनामा हाल विकृति आई त्यसको मूल स्वरूप हराउँदै गैरहेको छ।

यहाँ चर्चित छुस्याबहालको विहार वास्तुकलाको उत्कृष्ट नमूनाहरूमा (चित्र नं. १) यहाँको प्रवेशद्वार, तोरण, मूर्ति सहितका टुँडालहरू, काठका कलात्मक भ्यालहरू, चैत्य आदिलाई लिन सकिन्छ। अतएव, यहाँ तिनको चर्चा गरिनेछ।



*चित्र नं. १*

**प्रवेशद्वारा (ढोका)**

मध्यकालीन नेपालको काष्ठकला निकै उन्नत किसिमको छ। राजप्रासाद, देवल तथा विहारहरूमा कलापूर्ण काठका द्वार बनेका छन्। आफ्ना बनावट र स्वरूपको आधारमा कलापूर्ण काष्ठद्वारलाई अनेक श्रेणीमा विभाजन गरिएको छ।[१५]

जस्तो–

क) चारकुने द्वार


ख) माथिल्लो भागको मेहराव तीन भागमा विभक्त द्वार (ट्रिपल कस्पड् वा ट्रिफ्वाइलेट्रेड) र

ग) फूलबुट्टा बनेको द्वार (फ्वाइलेट्रेड) र


घ) मेहराव (आर्चड) आकारको द्वार

छुस्याबहालका ढोकाहरू सादा चारकुने किसिमका छन्। यस बहालमा भुईतल्लामा भित्र बाहिर गरी तेह्रवटा ढोकाहरू छन्। ती मध्ये मुख्य देवता राखेको कोठाको ढोकाबाहेक अरू ढोकाका खापाहरू साधारण किसिमका छन्। बहालको मुख्य प्रवेशद्वारको (चित्र नं. २) चौकोसेहरू कलात्मक छन्। पूजा कोठाको ढोका (चित्र न.. ३ क) बाहेक अरू ढोकाको खापा, आँखीभ्यालहरू र तिनका चौकोसेहरूमा कलात्मक बुट्टा बनेका छन्। तर

छुस्याबहाल नजिकैको मुस्या बहालका ढोकाका खापाहरूमा भने फूलबुट्टा युक्त चारकुने (हिरा आकारको) आँखीझ्यालको झै बनेको छ। यसरी ढोका आकर्षण देखिन्छन्।



*चित्र नं. २*



*चित्र नं. ३ क*

**तोरण**

मूल प्रवेशद्वार माथिको अर्धगोलाकार स्वरूपको काठको फल्याकलाई तोरण भनिन्छ। यसमा विभिन्न देवी देँवताका साथै पौराणिक जीवजन्तुका आकृतिहरू कुंदिएका छन्। तोरण नेपाली वास्तुकलाको अभिन्न अंग हो।

वास्तुकलाको दृष्टिले मात्र होइन, आफ्नो कला र प्रतिभा लक्षण विज्ञानको दृष्टिकोणले पनि तोरणको उत्तिकै महत्व छ। नेवारीमा तोरणलाई *तोलं* भनिन्छ। पारम्परिक रूपमा तोरण तीन किसिमका बनाइएका पाइन्छन्।[१६]

क) द्यःतोलंः मन्दिरको मूल प्रवेशद्वारमाथि बनेको तोरण

ख) झ्याः तोलंः झ्यालमाथि बनाइने तोरण

ग) दलां तोलंः दलानको दुई खम्बाको बीचमा बनाइने तोरण

छुस्याबहालको हातामा निर्मित तोरणहरूमा दलां तोलंवाहेक अरू दुवै किसिमका तोरणहरू द्यः तोलं र झ्याः तोलंको उपयोग भएको पाइन्छ। यस बहालको मूल प्रवेशद्वारमाथि क्वाःपाःद्यः (देव मूर्ति स्थापित कोठा) को ढोकामाथि र दक्षिण पूर्व कुनामा निर्मित ढोकामाथि गरी तीनवटा द्यःतोलं (ढोकामा प्रयुक्त हुने तोरण) छन्। त्यसैगरी बहालको मूल प्रवेशद्वारमाथि माथिल्लो तल्लामा रहेका पाँचवटा स-साना (पंचमुखी) (चित्र नं. ३ ख) झ्यालहरूमाथि बीचमा र भित्रपट्टि चोकतिर फर्केका आगम कोठामाथि निर्मित पंचमुखी झ्यालमाथि पनि सानो तोरण बनेका छन्। पंचमुखी झ्यालको दाँयाबाँया किनाराका स-साना झ्यालहरूमाथि पनि तोरण बनेका छन्।




*चित्र नं. ३ ख*

**मुख्य प्रवेशद्वारमाथिको तोरण** (चित्र नं. ४)

छुस्याबहालको उत्तराभिमुख प्रवेशद्वारमाथिको तोरण कलात्मक दृष्टिले अत्यन्त प्रशंसनीय छ। काठका ६ वटा टुक्राहरू जोडेर बनाइएको यस तोरणको माथिल्लो भागमा छत्रको प्रयोग गरिएको छ। त्यसपछि दुईतिर दुईवटा नागहरूलाई मुखमा च्यापेर बसेको छेपुको


भयंकर मूर्ति अंकित छ। छेपुको मुनि उडिरहेको गरूडको मूर्ति अंकित गरिएको छ। गरूडमाथि सानो छत्र पनि बनाइएको छ, तोरणको मध्यभागमा कमलको फूलमाथि बज्रासनमा बसेकी चतुर्भुज देवीको मूर्ति अंकित छ। यी देवीका अगाडिका दुईवटा हात धर्मचक्र मुद्रामा छन् भने देवीका बाँकी दुईवटा हातमध्ये दायाँ हातले जपमाला र बाँयाले पुस्तक समातेका छन्। बौद्ध देव प्रतिमा लक्षण अनुसार यस किसिमका देवीलाई प्रज्ञापारमिता मानिन्छ। बौद्ध ग्रन्थहरूमा प्रज्ञापारमितालाई शक्ति, प्रज्ञा र शुन्यताकी प्रतीक मानिन्छ र यी देवीलाई पहेंलो रंगको देखाइनु पर्दछ।[१७] रंगीन चित्रमा यस देवीलाई पहेंलो रंगले चित्रित गरेको पाइन्छ, तर मूर्तिमा यस्तो देखाइनु सम्भव हुंदैन। बौद्ध नारी मूर्तिहरूको क्रममा प्रज्ञापारमिताको मूर्तिलाई अद्धितीय मानिन्छ। यस काष्ठमूर्तिमा देवीले मालासहित विभिन्न आभुषणहरू र शिरमा मुकुट लगाएकी छिन्। यी देवीको संगै दाँया बाँया दुई कन्याको मूर्ति कुंदिएको छ। यी मूर्तिहरूले गरूडको खुट्टाले च्यापिरहेका मयूर जस्तो देखिने जीवहरूलाई थामेका छन्। प्रज्ञापारमिता देवीको दाँया बाँया, तलमाथि अन्य देवीहरूका आकृति अंकित छन्। यी विभिन्न किसिमका ताराहरूका अनुकृति हुन्। तीनवटा मूर्तिमा तारा देवीलाई बज्रपर्यङ्कासन मुद्रामा र अन्य दुई तारा मूर्तिलाई ललितासनमा बसेका देखाइएको छ। सबै देवीहरू फक्रेको कमलको फूल तथा कमलको फूल अंकित चक्र लिएका छन्। यी प्रतिमाहरू निश्पन्नयोगावलीमा वर्णन गरेअनुसार देखिन्छन्। बौद्ध दश भूमिका सुत्रमा ६,१० अथवा १२ पारमिताहरूको महत्व देखाइएको छ।[१८] यसका अतिरिक्त यस तोरणका दुईतिर किनाराहरूमा भेंडाकृति, माछाका पुच्छर युक्त दुई मकराकृतिलाई रक्षकका रूपमा देखाइएको छ भने तोरणको बीच बीचमा जन्तु (ड्रेगन) हरूलाई पनि कलात्मक ढंगले प्रस्तुत गरिएको छ। यो तोरण काष्ठकलाको एक उत्तम नमूना बनेको छ।



*चित्र नं. ४*

काठमाण्डौ उपत्यकाका मन्दिर तथा विहारहरूमा गर्भगृहमा स्थापित देवमूर्तिको अनुकृति तोरणमा पनि अंकित गर्ने परम्परा छ। तर अपवादको रूपमा कहीं कहीं गर्भगृहमा एउटा स्थापना गरिएको देवता तोरणमा देखिंदैन। बरू त्यहाँ अन्य देवताको मूर्ति कुंदिएको पाइन्छ। छुस्याबहालमा गर्भगृहमा अक्षोभ्यको मूर्ति स्थापना गरिएको भएता पनि तोरणमा भने प्रज्ञापारमिताको मूर्ति कुंदिएको पाइन्छ।

**गर्भगृहको प्रवेशद्वार माथिको तोरण** (चित्र नं. ५)
यस विहारको गर्भगृह कोठाको ढोकाको तोरण नेपाली काष्ठकलाको राम्रो नमुना हो। यो तोरण बाहिरी प्रवेशद्वारको भन्दा सानो छ। यस तोरणमा माथिदेखि तलसम्म विभाजित गरी अनेक मूर्ति र अनुकृतिहरू बनाइएका छन्। यसमा माथिल्लो भागमा छत्रावली बनाइएको छ। त्यसमुनि आदि बुद्धको मूर्ति कुंदिएको छ। त्योभन्दा तल दुई हात जोडी पूर्णकलश लिएको पखेटावाल गरूडलाई देखाइएको छ। गरूडको दाँया बाँया दुई नागकन्याहरूलाई देखाइएको छ। तोरणको तल्लो केन्द्रीय भागमा विशेष ध्यान दिइएको छ। यो अर्धवृत्त आकारको छ र यस भागमा बनेका मूर्तिहरूको गहिराई देखाउन भित्रसम्म कुंदिएको छ। यसमा तीन मूर्तिहरू बनाइएका छन्। बीचमा बज्रसत्वलाई केन्द्रीय देवताको रूपमा अवस्थित गराइएको छ। यहाँ बज्रसत्वलाई बज्रपर्यङ्कासनमा आसीन देखाइएको छ। पर्यङ्कको तल्लो दाँया बाँया भागमा हात्तीको अनुकृतिबनेको छ। यस बज्रसत्व देवताका तीन शिर, छ वटा हात देखाइएका छन्। अद्वयबज्रसंग्रह अनुसार बज्रसत्वलाई कमलको फूलमाथि बसेको, दाँया हात छातीसम्म उठाई बज्र लिएको बाँया हातमा घण्टा लिई सो हात तिघ्रामा अड्याइएको देखाइएको हुनुपर्छ। यिनको वर्ण नीलो हुनुपर्दछ।[१९] यस तोरणको बज्रसत्वको मूर्ति उपर्युक्त प्रतिमा लक्षणसंग मिल्न आउंछ। यहाँ दाँयापट्टिको सबभन्दा माथिल्लो हातमा पद्म, बीचमा चक्र तथा तल्लो हातमा छातीसम्म उठाई बज्र लिएको र बाँयापट्टिको माथिल्लो हातमा तरवार, बीचमा रत्न तथा तल्लो हातमा घण्टा लिएको देखाइएको छ। यस मूर्तिको माथि छेपु अंकित अर्को सानो तोरण बनाइएको छ। यस मूर्तिको दाँया बाँया दुई अन्य देवताका मूर्तिहरू बनाइएका छन्। यो पनि भित्रसम्म प्वाल पारी कुंदिएका छन्। यी मूर्तिहरूका पनि तीन शिर, छ वटा हात देखाइएका छन्। बज्रसत्वको दाँयापट्टि वैरोचनको मूर्ति कुंदिएको छ। यस देवताका छ वटा हातहरूमध्ये दाँया हातमा माथिदेखि तल क्रमशः मुण्ड, बज्र तथा चक्र छन् भने बाँयापट्टि माथिदेखि तल क्रमशः तरवार घण्टा तथा रत्न छन्। मूर्ति सेतो रंगले रंगाइएको छ। बज्रसत्वको बाँयापट्टि अमिताभको मूर्ति छ। यो मूर्ति पनि मयूरमाथि बज्रपर्यङ्कासन मुद्रामा रहेको छ। यस मूर्तिका छ वटा हातहरूमध्ये दाँया तीन हातमा माथिदेखि तल क्रमशः चक्र, बज्र र पद्म लिएको छ भने बाँया तीन हातमा माथिदेखि तल क्रमशः तरवार, घण्टा र रत्न लिएको छ। मूर्तिको रंग हरियो छ। केन्द्रीय भागमा कुंदिएका देवताहरूका शिरमा मुकुट तथा शरीरका विभिन्न अंगहरूमा आकर्षक आभूषणहरू लगाइएका छन्।



*चित्र नं. ५*

यस तोरणमा यिनको अतिरिक्त अन्य बुद्ध मूर्तिहरू पनि कुँदिएका छन्। वैरोचनको मूर्तिभन्दा माथि दाहिनेतिर अश्वारूढ रत्नसम्भवको मूर्ति कुँदिएको छ। यस मूर्तिको पनि तीन शिर छवटा हात छन्। दाँया तीन हातमा माथिदेखि तल क्रमशः चक्र, बज्र र वरद मुद्रा बनाइएका छन्। त्यस्तै बाँया हातहरूमा माथिदेखि तल क्रमशः तरवार, घण्टा तथा रत्न देखाइएका छन्। यसको वर्ण पहेंलो छ। त्यस्तैगरी अमिताभको केही देब्रेतिर माथि अमोघसिद्धिको मूर्ति कुंदिएको छ। यो मूर्ति गरूडमाथि आसिन छ। अमोघसिद्धिको छ हातहरू बनेका छन्। दाँयापट्टिको माथिल्लो तथा बीचको हातमा बज्र र तल्लो हातमा तरवार छ भने बाँयापट्टिको माथिल्लो हातमा रत्न, बीचकोमा बज्र तथा तल्लोमा घण्टा लिएको छ। वर्ण हरियो रंगको छ। यी सबै मूर्तिहरू विभिन्न आभूषणहरूले युक्त छन्।[२०]

यिनै बुद्ध मूर्तिहरूका वरिपरि विभिन्न आभूषणहरूले सिंगारिएका अष्टभुजी ताराहरूका मूर्तिहरू पनि कुंदिएका छन्। तोरणका किनाराहरू जनावरका आकृति तथा विभिन्न फूलका बुट्टाहरूले अलंकृत गरिएका छन्। तोरणको तल्लो दुई किनारामा संरक्षकको रूपमा दुई मकरहरू कुंदिएका छन्। यिनै किनाराको केन्द्रमा तल दुई मूर्ति महांकालका ससाना दुई मूर्तिहरू कुंदिएका छन्। तोरणका दाँयाबाँया गरी दुईतिर चामर धारणीका मूर्ति राखिएका छन्। मूर्तिहरूमा रंगको संयोजन गरिएको छ। संरक्षणको अभावले यी मूर्तिहरूका रंग हाल फिका भएका छन्। तोरणको मुनिको निदालमा प्रचलित नेवारी लिपिमा अभिलेख कुंदिएको छ। अभिलेखको अधिकांश भाग खिइएको हुंदा स्पष्ट पढ्न सकिंदैन।

**दक्षिण पूर्वकुनाको ढोकामाथि रहेको तोरण**


यस विहारको दक्षिण पूर्वकुनाको ढोकामाथि पनि एउटा चित्र राखिएको छ। यसमा मूल प्रवेशद्वारमाथि रहेको तोरणमा जस्तो खास कलाकृति पाईदैन। यस तोरणको सबभन्दा माथि

छत्र जडान गरिएको छ। त्यसमुनि मुखमा नाग च्यापेर बसेका छेपुको आकृति अंकित छ। तलपट्टि आरक्षित अवस्थामा रहेका दुई मकराकृति अंकित छन्। बीचमा बज्रसत्वको मूर्ति अंकित छ। तर यो पूजाकोठाको ढोकामाथिको तोरणमा स्थापित तीन शिर छ हात भएको बज्रसत्वको जस्तो नभई एक शिर दुई हात भएको मूर्ति छ। बज्रसत्वले दुई हातले बज्र तथा घण्टा लिएको छ। उनको दाँयाबाँया उभिएका सेवक मूर्तिहरू अंकित छन्। यस तोरणलाई विविध कलाले सिंगारिएको छ।

**टुँडाल**

कुनै पनि घर, मन्दिर, विहार, राजप्रासाद वा मठको भिरालो छानाको टुप्पोलाई आधार दिन, बोझ थाम्न जडान गरिएको काष्ठ-फलकलाई *टुँडाल* भनिन्छ। टुँडाललाई नेवारीमा *त्वानासिं* भनिन्छ। जसको अर्थ मानिसको खुट्टाको नलीहाड जस्तो काठ भन्ने हुन्छ। नेपाली वास्तुमा छानाको भार थाम्न टुँडालको उपयोगमा व्यापकता पाइन्छ। यस्ता टुँडाल छानाको कुनादेखि भित्तासम्म ४५° कोणमा तेर्साएर राखिन्छ। नेपाली शैलिका यस्ता वास्तुका कुना कुनामा उपयोग हुने जनावरको आकृतियुक्त टुंडालहरूलाई नेवारीमा *कुंसल* अर्थात कुनामा रहने घोडा भनिन्छ।

टुँडाल धेरै किसिमका हुन्छन्। यी सादा वा बुट्टायुक्त हुन्छन्। यिनमा मानवाकृति, देवमूर्ति, फूल बुट्टा, युगल मूर्ति, मैथुन मूर्ति, धर्म पापका दृश्य अथवा साधारण ज्यामितिक बुट्टा हुन्छन्। बुट्टा कुंदिएको त्वानासिंलाई 'विबलवौ'[२१] अथवा 'विलम्बू'[२२] तथा विलम्बन भन्दछन्। सामान्यतया टुँडाललाई तीन भागमा विभाजन गर्न सकिन्छ। माथिल्लो भागमा फल वा पातका झुप्पा, बीच भागमा उभिएको देव वा देवीका स्थानक प्रतिमा र तल्लो भागमा बसेका देवता वा नक्षत्र वा मैथुन मूर्ति वा अन्य धर्मनिरपेक्ष दृश्य वा मूर्ति हुने गर्छन्। बौद्धमन्दिर र विहारमा मैथुन मूर्ति वा दृश्य हुने हुँदैन। छुस्याबहालमा कलात्मक टुँडालहरूको उपयोग भएको छ। विहारको बाहिरी भागमा बाह्र र भित्री भागमा बाइसवटा गरी जम्मा चौंतिस छन्। हरेक टुँडालमा दुईवटा देवताको मूर्ति कुंदिएको छ। माथिल्लो भागमा कमलमाथि अथवा वाहनमाथि उभिएका देव वा देवीका मूर्ति बनेका छन् र तल्लो भागमा स-साना बसेका देव-मूर्तिहरू कुंदिएका छन्। टुँडालहरूमा बुद्धधर्मसंग सम्बन्धित विभिन्न देवी देवताहरूको प्रयोग भएको देखिन्छ। जसमा गणेश, महांकाल र अन्य दश क्रोध (भैरव मूर्तिहरू) (चित्र नं. ६) पंचरक्षा, छजना पूजा देवीहरू, सातजना देवी मूर्तिहरू तथा चार बुद्ध मूर्तिहरू रहेका छन्। यी देवी देवताहरू मुनि रहेका अरू साना साना मूर्तिहरूमा चतुर्महाराजा, २७ वटा नक्षत्रका देवताहरू र तीनवटा अलौकिक विद्याधरका मूर्तिहरू छन्। यसमा चार बुद्ध मूर्ति अंकित टुँडालहरूमा अंकित देव-देवताहरूको मुनि अभिलेख कुंदिएको छ जसबाट सम्बन्धित देवी देवताहरू चिन्नलाई कठिनाई पर्दैन।



*चित्र नं. ६*

विहारको बाहिरी भागका बाह्रवटा टुँडालहरूमा कुँदिएका देवताहरूका नाम यसप्रकार छन्: बाँयादेखि दाँया क्रमशः पद्मान्तक, विघ्नान्तक, तक्किराजा, नीलदण्ड, महाबल, केकरा, शुम्भराजा र महांकाल। शुरू तथा अन्तिम छेउमा रहेका देवता बाहेक अरू दश मूर्तिहरू क्रोध (भैरव) का हुन्। यी भयानक देखिने देवताहरूले विहारको संरक्षण गर्दछन् भन्ने विश्वास रहेको छ। यिनका प्रतिमा लक्षण निश्पन्नयोगावलीको पहिलो अध्यायमा वर्णन गरिएको पाइन्छ।[२३] यस विहारका टुंडालहरूमा कुंदिएका भैरवहरू मानव स्वरूपका छन्। यिनीहरू धेरै शिरका र धेरै हातका हुनुबाहेक अनुहारको हाउभाउ र हातमा लिएका आयुधहरू निश्पन्नयोगावली र साधनामालामा वर्णन गरेअनुसार छन्।

**६ देवी मूर्तिहरु**

चोकको बाँयापट्टि रहेको टुँडालहरूमा छ देवीहरू गीता, मुरजा, नृत्या, मुकुन्दा र वीणाका मूर्तिहरू छन्। (चित्र फलक)। यी मूर्तिहरू निश्पन्नयोगावलीमा वर्णन गरेअनुसारका लक्षणमा निर्मित छन्। यिनीहरू गायन, वादन तथा नृत्य मुद्रामा देखाइएका छन्। निश्पन्नयोगावली नामक बौद्ध प्रतिमा विज्ञानमा लास्या, माला, गीता र नृत्या गरी चार नृत्य देवीहरू र वंशा, वीणा, मुकुन्दा गरी चार वाद्ययन्त्र देवीहरूका मूर्तिहरूका लक्षण बताइएका छन्।[२४] यहाँ यिनीहरूको संख्या ६ मात्र छ। प्रत्येक देवी रूखमुनि कमलको फूलमाथि उभिएकी र विभिन्न आभूषणहरू लगाएकी छन्। यहाँ गीतादेवीले झाँझ लिएकी छन्, मुरजादेवी मृदङ्ग बजाउन लाएकी र नृत्यादेवी नृत्य गर्न लाएकी देखिन्छन्। देवी वंशाले बाँसुरी लिएकी छन्। मुकुन्दादेवीले मादल लिएकी छन् भने वीणा देवीले वीणा लिएकी छन्। यी सबै देवीहरू प्रफुल्ल मुद्रामा देखिन्छन्।

**४ बुद्ध मूर्तिहरु**

विहारको आगम कोठा बाहिरका टुँडालहरूमा चार बुद्धमूर्तिहरू अंकित छन्। तर अरूमा जस्तो यी टुँडालहरूमा देवताहरूका नाम कुंदिएका छैनन्। यिनीहरू शाल रूखमुनि पद्‌म पीठमाथि उभिएका छन्। यिनीहरूका चारवटा शिर बनाइएका प्रतीत हुन्छन् तर चौथो शिर देख्न सकिदैन। यिनका आठवटा हात छन्। यिनीहरूले विभिन्न आभूषण र मुकुट लगाएका छन्। यिनलाई करेल रिजिक भान कुइजले चार ध्यानी बुद्ध रत्नसम्भव, अक्षोभ्य, अमोघसिद्धि र अमिताभका स्वरूप मानेका छन्।[25] यस मान्यताका आधार मूर्तिहरूका तल्लो भागमा बनाइएका ध्यानी बुद्धहरूका, आयुध, वाहन वा चिन्ह हुन्। तर सामान्यतया यी बुद्धलाई ध्यानस्थ र बसेको रूपमा देखाइन्छ र यिनका शिर र अन्य अंगमा मुकुट र आभूषण देखाइन्दैनन्।[26] यसकारण यी ती ध्यानी बुद्धसंग सम्बन्धित बोधिसत्वका मूर्ति हुन सक्छन्। (चित्र नं. ७)




*चित्र नं. ७*

रत्नपाणि वा रत्नसम्भवका परिवारको पाउमुनि दुईवटा घोडाहरू कुंदिएका छन् र यिनले हातमा तरवार, वाण, हात्तीको अंकुश, पाश, धनु, घण्टा तथा चिन्तामणि ध्वज लिएका छन्। बज्रपाणि वा अक्षोभ्य परिवारका यस देवताले तरवार (हाल टुटेको) बज्र, वाण, हात्तीको अंकुश, पाश, धनु (बिग्रिएको अवस्था), घण्ट लिएका छन् र एउटा हात

तर्जनी मुद्रामा छ। यिनको पाउ मुनि दुई हात्तीहरू अंकित छन्। अमोघसिद्धि परिवारका विश्वपाणिले पनि विभिन्न आयुधहरू लिएका छन्, जुन आयुधहरू अक्षोभ्यले लिएका आयुधहरूसंग मिल्दछन्। फरक यति छन् कि अमोघसिद्धिको पाउमुनि दुईवटा गरूडहरू अंकित छन्। अमिताभ परिवारका देवता पद्मपाणिलाई उनका पाउमुनि रहेका दुईवटा मयुरले परिचित गराएका छन्। उनले आफ्ना विविध हातहरूमा कमल, बज्र, वाण (बिग्रेको अवस्थामा), तरवार (यसको बींड मात्र बांकि छन्) हात्तीको अंकुश, घण्टा, तरवार लिएका छन्। तरवार दुबै भग्न अवस्थामा छन्। मुस्याबहाल (करूणापुरी महाविहार) को टुँडालहरूमा र तोरणका वरिपरि छुस्याबहालमा जस्तै लक्षणका चार बुद्ध मूर्तिहरू अंकित गरिएका पाइन्छन्।

**शार्दूल**

छुस्याबहालको आगम कोठा बाहिर चार बुद्ध मूर्तिहरू अंकित टुँडालसँगै कुनामा शार्दूल अंकित टुँडाल छ। टुँडालमा शार्दूलको पछाडिको दुई खुट्टाले टेकी अगाडि हातको पन्जा तिखा नंग्रा निकाली उभिएको देखाइएको छ। (चित्र नं. ८)



*चित्र नं. ८*

**पंचरक्षा**

चोकको दाँयापट्टिका टुँडालहरूमा पांच देवीहरूका मूर्तिहरू कुंदिएका छन्। यिनका सामुहिक नाम पंचरक्षा हुन्। यी देवीहरूलाई तान्त्रिक बौद्धधर्ममा रक्षिका मान्दछन्। यी

नेपालका विशेष लोकप्रिय छन्। यिनका वर्णन महात्म्य, पूजा सम्बन्धी पुस्तक 'पंचरक्षा' प्रायः प्रत्येक नेपाली बौद्ध परिवारसंग हुने गर्दछ। पुराना पंचरक्षाका पाण्डुलिपि आफ्ना ग्रन्थचित्रका लागि प्रसिद्ध छन्। साधनामालामा यी देवीहरूका ध्यान पाइन्छन्। यस अनुसार पंचरक्षाको पूजा गर्दा दीर्घायु प्राप्त हुन्छ, दुष्ट आत्मा, रोग व्याधि र अन्य खतराबाट जोगिन्छ। यिनका ढुंगा वा धातु मूर्ति प्रायः सबै विहारहरूमा पाइन्छन्। यिनका पूजा छुट्टाछुटै पनि गरिन्छ वा सामुहिक रूपमा मण्डलमा पनि गरिन्छ। पंचरक्षा मण्डलको वर्णन साधनामाला र निश्पन्नयोगावली दुबै ग्रन्थमा पाइन्छ। यिनमा मुख्य देवी महाप्रतिसरालाई केन्द्रमा र चारदिशामा महासाहस्रप्रमर्दनी, महामन्त्रानुसारिणी, महाशीतवती र महामायुरीलाई देखाइन्छ।[२७] यी देवीहरू धेरै शिर तथा धेरै हातहरू भएका हुन्छन्। छुस्याबहालमा यी देवीहरूलाई दुई हात भएका साधारण मानवाकार रूपमा देखाइएको छ र प्रत्येक टुँडालको तल्लो भागमा यिनका नाम लेखिएको छ। पंचरक्षा मूर्तिहरू कुंदिएका टुंडालहरू मध्ये पहिलोमा प्रतिसराको मूर्ति कुंदिएको छ। प्रतिसरा भनी चिनाइएकी देवीले आफ्नो दुई हातमा चक्र तथा पाश लिएकी छिन्। यिनी सिंहमाथि उभिएकी छिन्। निश्पन्नयोगावलीमा पहेंलो, सेतो, रातो र नीलो रंगकी चार शिर, बाह्र हात भएकी, शिर चैत्यले सजिएकी र बज्रपर्यङ्क मुद्रामा रहेकी प्रतिसराको वर्णन छ।[२८] यिनको विशेष चिन्ह मणि हुन्छ। साधानामालामा यिनको आठ हातको मात्र उल्लेख गरिएको छ। दोस्रोमा महासाहस्रप्रमर्दनीको मूर्ति कुंदिएको छ। अर्धपर्यङ्कासन मुद्रामा उभिएकी यी देवीले आफ्ना दुई हातमा बज्र तथा पाश लिएकी छन्। निश्पन्नयोगावलीमा महासाहस्रप्रमर्दनीको वर्णन चार शिर, दश हात भएकी देवीको रूपमा गरिएको छ र यिनको मुख्य चिन्ह चक्र भनिएको छ।[२९] साधनमालामा आठ हात भएकी महासाहस्रप्रमर्दनीको उल्लेख गरिएको छ। मयूरले अडाई राखेको कमलमाथि उभिएकी र धर्मचक्र मुद्रामा रहेकी मूर्तिको चित्रण मन्त्राणुसारिणी भनी दिइएको छ। प्रतिमा विज्ञानअनुसार महा-मन्त्राणुसारिणीलाई तीन शिर बाह्र हात भएकी देखाइनु पर्दछ। यिनको चिन्ह बज्र भनिएको छ।[३०] यसैगरी तीनवटा मयूरको प्वांखसहित भांडो लिई बसेकी देवीको नाम महामायुरी भनी चिनाइएको छ। निश्पन्नयोगावलीमा तीन शिर आठ हात भएकी महामायुरीको वर्णन पाइन्छ।[३१] यिनको विशेष चिन्ह बज्र हुन्छ। अर्को टुँडालमा गरूडमाथि उभिई एउटा हात अभय मुद्रामा र अर्को हातमा पाश लिएकी महाशीतवतीको मूर्ति बनाइएको छ। महाशीतवतीको वर्णन निश्पन्नयोगावलीमा तीन शिर आठ हात भएकी र विशेष कमल चिन्ह भएकी देवीको रूपमा गरिएको छ।[३२] ईटुंबहालमा पंचरक्षा देवीको चित्रण चार शिर आठ हात भएकी को रूपमा गरिएको छ।

**सात बौद्ध देवीहरु**

पंचरक्षा देवीकै दाँया भागको लहरमा रहेका टुँडालहरूमा सात देवीहरूका मूर्तिहरू कुंदिएका छन्। टुँडालमुनि कुंदिएका अभिलेखअनुसार यी देवीहरू वसुन्धारा, बज्रविदारणी, गणपतिहृदया, उष्णीषविजया, पर्णशवरी, मारिची र ग्रहमातृका हुन्। यी देवीहरूका स्वरूप

धारणी संग्रहमा वर्णन गरिएका देवीहरूका समान छन्।[३३] छुस्याबहालको टुँडालमा अंकित वसुन्धारा देवीको दाँया हात माथि उठाई फल समातेकी छिन्। साधनामालामा वसुन्धरालाई एक शिर, दुई हात भएकी, १६ वर्षकी पहेंलो वर्ण भएकी हुनुपर्ने उल्लेख गरिएको छ। दुई हातमध्ये बाँयामा धानको बालासहितको पूर्ण कलश र दाँया हात वरद मुद्रामा हुनु पर्दछ।[३४] वसुन्धरालाई धनकी देवी मानिन्छ। बज्रविदारणी देवीले एउटा हातमा बज्र र अर्को हातमा पाश लिएकी छिन्। यद्यपि बौद्ध प्रतिमाविज्ञान धर्मकोशसंग्रहअनुसार यी देवीलाई पाँच शिर तथा दशवटा हातमा विविध आयुधहरू लिई प्रत्यालीढ मुद्रामा उभिएकी देखाइनु पर्दछ।[३५] हात्तीको शिर भएकी यहाँकी गणपतिहृदयाले बाँया हातमा मिठाई लिएकी छिन्। धर्मकोशसंग्रहअनुसार गणपतिहृदयालाई नृत्य मुद्रामा उभिएकी, एउटा हात वरद मुद्रा र अर्को हात अभय मुद्रामा भएकी देखाइनु पर्दछ।[३६] टुँडालमा निर्मित चौथो देवी पर्णशवरी दाँया हात माथि उठाई बाँया हात अभय मुद्रामा राखी उभिएकी छिन्। पर्णशवरीलाई ध्यानी बुद्ध अक्षोभ्य अथवा अमोघसिद्धिका शक्तिको रूपमा मानिएको छ। यिनलाई प्रस्तुतीमा पिशाची रूपमा देखाइएको हुन्छ। निश्पन्नयोगावलीमा दाँया हातमा विश्वबज्र र बाँया हातमा मयूरको प्वांख लिएकी, हरियो वर्णकी पर्णशवरीको वर्णन गरिएको छ।[३७] यहाँको पांचौं टुँडालमा दुई हात र एक शिर भएकी उष्णीषविजयाले एक हातमा अमृतकलश र अर्को हातमा फूल लिएकी छिन्। साधनमालामा उष्णीषविजयाको वर्णन तीन शिर र प्रत्येक शिरमा तीनवटा आंखा र आठवटा हात भएकी तथा विभिन्न आभूषणले सजिएकी युवतीको रूपमा गरिएको छ। तिनको दाँया तथा बाँया अनुहार क्रमशः पहेंलो र नीलो र बीचको अनुहार सेतो हुनुपर्दछ। यिनका आठ हातहरूमा दाँयामा विश्वबज्र, बुद्ध अंकित कमलको फूल, धनुष र वरद मुद्रा हुनुपर्दछ र बाँयामा वाण, तर्जनी मुद्रा गरी पाश लिएकी, अभय मुद्रा प्रदर्शित गरेकी तथा पूर्ण पात्र लिएकी हुनुपर्दछ। तिनको शिरमा वैरोचन बुद्ध अंकित मुकुट हुन्छ।[३८] मारिचीलाई छठौं देवीको रूपमा टुँडालमा कुंदिएको छ। मारिचीले हातमा धनुष र वाण लिएकी छिन्। यी देवीको प्रतिमा लक्षण साधनमालामा वर्णन गरिएको छ। उक्त ग्रन्थमा एक, तीन, पांच अथवा छ शिर भएकी, दुई, आठ, दश अथवा बाह्र हात भएकी मारिचीको वर्णन छ।[३९] यी देवीको विशेष चिन्ह सियो र धागो हुन्।

सातौं देवी ग्रहमातृका हुन्। यी देवी धर्मचक्र मुद्रामा छिन्। धर्मकोशसंग्रहमा क्रमशः सेतो, पहेंलो र रातो तीन शिर छ हात भएकी ग्रहमातृकाको वर्णन गरिएको छ।[४०] यिनी बज्रपर्यङकासनमा धर्मचक्र मुद्रामा रहन्छिन्।


माथिका यी सबै देवीहरूले शिरमा मुकुट, कानमा कर्णभूषण, गलामा हार र घुँडासम्म आउने गरी माला लगाएका छन्। देवीहरू रहेका टुँडालका माथिल्लो भागमा शाल रूखका विभिन्न बुट्टाहरू कुंदिएका छन् र यी देवीहरू त्रिभंग मुद्रामा पद्‌ममाथि उभिएका छन्।

माथिका विभिन्न देव देवीहरूका अतिरिक्त टुँडालमुनि पीठिकामा अरू विविध आसनमा रहेका साना-साना देव मूर्तिहरू आ-आफ्ना नामका साथ कुंदिएका छन्। यसअनुसार पूजाकोठाको बाहिरका बुद्ध मूर्तियुक्त चारवटा टुँडालहरूका तल्लो भागमा चतुर्महाराज

(धृतराष्ट्र, विरूद्दक, वैश्रवण तथा कुवेर) का मूर्तिहरू र बांकी टुँडालहरूका तल्लो भागमा २७ वटा नक्षत्रका मूर्तिहरूका साथै तीनवटा विद्याधरका मूर्तिहरू छन्।

**छुस्याबहालमा रहेका चैत्यहरु** (चित्र नं. ९)

(क) यस बहालको चोकमा प्रस्तरको एक दानचैत्य छ। पूर्णतः ढुंगाबाट बनाइएको यस चैत्यको तल्लो भागमा दुई तहको ईट निर्मित पेटी उठाइएको छ। ढुंगाको चैत्यको बुट्टा काटिएका दुईवटा पेटीमाथि चतुष्कोणाकार गर्भ बनाइएको छ। यसको चार दिशामा निर्मित गवाक्षहरूमा बोधिसत्वका मूर्तिहरू प्रतिष्ठित गरिएका छन्। यस गर्भमाथि चार कुनामा तीन।तीनवटा चोसो निकाली दुई तहको कार्नेस उठाइएको छ। यसमाथि रहेको कमल पत्रको चारैतिर पंचध्यानीका प्रतीक स्वरूप चारवटा कलात्मक गवाक्षहरू बनाइएका छन्। यसमाथि गजूरको स्वरूपमा स्वयम्भूको प्रतीक स्तूप स्थापना गरिएको छ।



*चित्र नं. ९*

(ख) छुस्याबहालको बीचको प्रांगणमा चैत्यको साथसाथै शिखर शैलीको एउटा मन्दिर (चित्र फलक) पनि बनेको छ। यो मन्दिर मूल प्रवेशद्वारभित्रको दलानको सामुन्ने छ। प्रस्तरको दुई तहको पेटीमाथि यो बनाइएको छ। यस पेटीको उत्तरतर्फ फर्केको भागमा देवनागरी लिपिमा अभिलेख कुंदिएको छ। अभिलेख अनुसार यो मन्दिर पहिले सडकमा थियो, पछि यसलाई यज्ञहोम गरी विहारको चोकमा सारिएको थियो। यस मन्दिरमा पेटीमाथि दशवटा खम्बाहरूले घेरिएको चतुष्कोणाकार गर्भगृह छ। गर्भगृहभित्र अष्टभूजी बौद्ध तान्त्रिक देवता स्थापना गरिएको छ। खम्बाहरू माथिको काष्ठकहरूले अर्घ गोलाकार तोरणको स्वरूप

बनाइएका छन्। देवताको सामुन्ने खुड्किलो जस्तो एक पेटी उठाई त्यसको दाँयाबाँया दुई साना सिंहका मूर्तिहरू राखिएका छन्। खम्बाहरूले मीथको दुई तहको कार्नेसलाई थामेका छन्। यसमाथि अर्को दुई तहको कमल पत्र छ। यसैमाथि मूल शिखर र चारैतिर ८ वटा मण्डपहरू रहेका छन्। तीमध्ये बीच बीचको मण्डपमा ध्यानी बुद्धका मूर्तिहरू स्थापना गरिएका छन्। मण्डपमाथिको शिखर स्तूप तथा घण्टा आकारका छन्। मूल शिखरमाथि स्तूपाकार गजूर बनेको छ। यस शिखर शैली मन्दिरले पाटनको कृष्ण मन्दिरको स्वरूपलाई झल्काएको छ।

(ग) गर्भगृहभित्र पनि काठको फलैंचामाथि अड्याइएको अर्को एउटा चैत्य छ। यो चोकमा रहेको चैत्यको स्वरूपको छ, जो भाँचिएको अवस्थामा छ।

**छुस्याबहालमा रहेका मूर्तिहरु**

छुस्याबहालका हातामा र खासगरी पूजा कोठामा केही मूर्तिहरू छन्। यी मूर्तिहरूमध्ये केही यसप्रकारका छन्।

**क्वा:पा:द्य: (पूजा कोठामा स्थापित मुख्य देवता)**

बहालको दक्षिण दिशामा निर्मित पूजा कोठामा ध्यानी बुद्ध अक्षोभ्यको मूर्ति (चित्र नं. १०) स्थापना गरिएको छ। यस मूर्तिमा देवतालाई जलहरीसहितको चैत्याकार आसनमाथि दोहोरो पद्‌म पीठमा भूस्पर्श मुद्रामा ध्यानस्थ देखाइएको छ। यस मूर्तिको उचाई १०२ से.मि. छ। यस पंक्तिकी लेखिका विहारसित सम्बन्धित नभएकीले पूजाकोठाभित्र पसेर अवलोकन गर्न मिलेन। यसकारण विहारसंग सम्बन्धित व्यक्तिबाट प्राप्त मूर्तिबारे वर्णन र त्यसको तस्वीरअनुसार कालो ढुंगाले बनेको यस मूर्तिको स्वरूप यसप्रकार छ: बज्रपर्यङ्कासनमा बसी ध्यानस्थ देवताको दाँया हात भूस्पर्श मुद्रामा छ र बाँया हातमा पात्रो देखाइएको छ। शिरको केश घुम्रिएको देखाइएको छ। मूर्तिको घाँटीमा बाला आकारको गहना र सिक्री लगाइएको छ र



*चित्र नं. १०*

मूर्तिको शरीरमा बुट्टा अंकित दुईवटा लामो पित्तलको पात आभूषणको रूपमा कुमदेखि तलसम्म छोपिएको छ। अक्षोभ्यको प्रस्तरको यस मूर्तिको पछाडि विभिन्न देव, मानव र जनावरको दृष्य अंकित काठको कलात्मक प्रभाव राखिएको छ। यो अहिले संरक्षणको अभावले गर्दा धमिलो देखिन्छ।

पांच ध्यानीबुद्धहरूमा अक्षोभ्यको स्थान पूर्व दिशामा निर्धारित गरिएको हुन्छ। तर यस विहारमा अक्षोभ्यलाई दक्षिण दिशामा स्थापना गरिएको छ। महायानीहरूका चैत्यका चार दिशामा बनेका खोपाहरूमा चार ध्यानीबुद्धका मूर्ति राखिएका हुन्छन्: पूर्वमा अक्षोभ्यको साथ साथ पश्चिममा अमिताभ, उत्तरमा अमोघशिद्धि र दक्षिणमा रत्नसम्भव। पांचौ बुद्ध बैरोचनको मूर्ति चैत्यमा राखिदैन, चैत्यको गर्भमा यिनको उपस्थिति मानिन्छ।[४१]

**पूजाकोठाका अन्य मूर्तिहरु** (चित्र नं. ११)

पूजाकोठामा स्थापित अक्षोभ्यका दाँयाबाँया तथा अधिल्तिर अन्य साना साना ढुंगाका मूर्तिहरू पनि रहेका छन्। यी मूर्तिहरू विभिन्न समयमा विभिन्न श्रद्धालु भक्तजनहरूद्वारा स्थापना गरिएका देखिन्छन्। यिनमा अक्षोभ्यको अर्को सानो मूर्ति र सिंहमूर्ति विशेष द्रष्टव्य छन्।



*चित्र नं. ११*

**सिंह मूर्ति**

मुख्य देवताको अधिल्तिर बीचको लहरहरूमा अरू केही मूर्तिहरूको साथ साथै दाँयाबाँया ढुंगाका दुईवटा सिंहका मूर्तिहरू राखिएका छन्। देवताको संरक्षकको रूपमा सिंहमूर्ति राख्ने परम्परा विशेष गरी विहार र मन्दिरका द्वारमा देखिन्छ। यहां पनि यसै परम्पराको निर्वाह भएको देखिन्छ।

**अक्षोभ्यको सानो मूर्ति**

मुख्य मूर्ति नजीकै राखिएको २१ से.मि. उचाई भएको यस मूर्तिको स्वरूप प्रमुख देवताको जस्तै रहेको छ। मूर्तिको पछाडि प्रभामण्डल बनेको छ। यो मूर्ति टुटेफुटेको अवस्थामा छ।

**मञ्जुश्री**

छुस्याबहालको क्वाः पाः द्यःको अगाडि स्थित मूर्तिहरूका लहरमा मञ्जुश्रीको मूर्ति पनि स्थापित छ। यस मूर्तिको उचाई २५ से.मी. छ। यहाँ मञ्जुश्रीका चार हात देखाइएका छन्। दाँयापट्टिको दुई हातमा मञ्जुश्रीले खड्ग र वाण लिएका छन् भने बाँयापट्टिको एक हातमा बुद्धि र ज्ञानको प्रतीक पुस्तक छ र अर्को हातमा कलश छ। मूर्तिको पछाडि गोलो प्रभामण्डल छ। मूर्ति बज्रपर्यङ्कासन मुद्रामा बसेको छ र गलामा लामा माला लगाइएको छ। नेपालको बौद्धधर्ममा अवलोकितेश्वरपछि दोश्रो महत्वपूर्ण र लोकप्रिय स्थान मञ्जुश्रीको देखिन्छ। बौद्धहरूको विश्वासअनुसार तिनका देवता पंच ध्यानीबुद्धहरूसंग सम्बन्धित हुन्छन्। यसअनुसार मञ्जुश्रीलाई कहीं अमिताभ परिवारसँग सम्बन्धित गरी रातो वर्णको देखाइएको छ भने कतै अक्षोभ्य परिवारको मानी नीलो वर्णको रूपमा वर्णन गरिएको छ।

**अमिताभ**

मञ्जुश्रीको मूर्तिसंगै ३९ से.मी. उचाईको अमिताभ बुद्धको ढुंगाको मूर्ति स्थापना गरिएको छ। बज्रपर्यङ्कासनमा आसीन यी ध्यानस्थ देवताले समाधि मुद्रामा रही हातमा कलश लिएको छ। शिरमा उष्णीष छ र पछाडि लाम्चो आकारको प्रभामण्डल रहेको छ।

**इन्द्र**

अमिताभको मूर्तिसँगै इन्द्रको मूर्ति राखिएको छ। यस मूर्तिको उचाई २९ से.मी. रहेको छ। यसमा देवताको निधारमा तेश्रो आँखा अंकित छ। यसको एउटा हात वरद मुद्रामा र अर्को हातले भुइँ टेकेको छ। यस मूर्तिमा सादापन देखिन्छ। मूर्तिको पछाडिपट्टि दाँयातिर त्रिशुल र बाँयातिर पद्म अंकित खड्ग खडा राखिएको छ। त्यस पछाडि कलात्मक दोहोरो प्रभामण्डल अंकित गरिएको छ। सो प्रभामण्डलको बीचमा गोलाकार प्वाल बनाइएको छ।

**हलाहल लोकेश्वर**

इन्द्रको मूर्तिसंगै अन्य एक मूर्ति स्थापना गरिएको छ। ३८ से.मी. उचाईको यो मूर्तिमा देवताको तीनवटा शिर र छ हात छन्। ललितासनमा बसेको यस देवताका दाँया तीन हातमध्ये तल्लो एउटा हातमा वरद मुद्रा र अर्को हातमा अक्षय माला र तेश्रो दाँया हातमा वाण देखाइएका छन्। बाँया हातहरूमा क्रमशः धनु, कमल देखाइएका छन् र तेश्रो हातले

आफ्नी शक्तिलाई अंगालो मारेको छ। देवताको बाँया काखमा बसेकी शक्तिको दाँया हात वरद मुद्रामा र बाँया हात अभय मुद्रामा रहेको छ। यो मूर्ति साधनामालामा गरिएको हलाहलको ध्यानअनुसार मिल्न आउँछ।[४२] १७१८ ई. मा निर्मित हलाहलको मूर्ति राष्ट्रिय संग्रहालमा पनि पाइन्छ। तर यस विहारको मूर्ति आकारमा संग्रहालयको मूर्तिको तुलनामा निकै सानो छ।

**अमोघपाश लोकेश्वर**

पूजाकोठाभित्र अक्षोभ्यको मूर्तिको बाँयापट्टिको भित्तामा अर्को एक महत्वपूर्ण मूर्ति ठड्याइएको छ। यो मूर्ति ४२ से.मी. को उचाई गरी बनाइएको छ। यो मूर्ति दोहोरो पद्मपीठमाथि उभिएको छ। कालो ढुंगाको निर्मित यस मूर्तिमा देवताका एक मुख आठ हात छन्। देवताको दाँया हातहरूमा माथिदेखि तल अक्षयमाला, पाश, वरद र अभय मुद्रा छन् भने बाँया हातहरूमा माथिदेखि तल पुस्तक, त्रिशुल, फूल (कमल) तथा कमण्डलु देखाइएका छन्। प्रतिमा विज्ञानमा यस किसिमका देवतालाई अमोघसिद्धि लोकेश्वर मानिएको छ। विनयतोष भट्टाचार्यका अनुसार चारमुख र आठ हात भएका अमोघसिद्धिलाई कमलमाथि उभिएको देखाइनु पर्दछ र देवताले आफ्ना दाहिने चार हातहरूमा बज्र, खड्ग, पाश र धनु तथा देब्रे हातहरूमा घण्टा, त्रिदण्डी, पाश र वाण लिएको हुनुपर्दछ।[४३]

**छुस्याबहालको हातामा रहेका मूर्तिहरु**

छुस्याबहालका प्रांगणमा विभिन्न मूर्तिहरू स्थापना गरिएका छन्। यिनमा महांकाल, पद्मपाणि बोधिसत्व, भक्त र भक्तिनीका मूर्तिहरू विशेष छन्।


पूजा कोठाको ढोकाको दाँयाबाँया सारीपुत्र, मोद्गल्याण तथा महांकालका मूर्तिहरू स्थानक मुद्रामा राखिएका छन्। सारीपुत्र र मोद्गल्यानका (उचाई ६५ से.मी.) एक हातमा चमर लिएका देखिन्छन् भने अर्को हातको आयुध अस्पष्ट छ। मूंर्तिहरू टुटेफुटेका अवस्थामा छन्।

**महांकालको मूर्ति**

यस बहालमा महांकालका मूर्तिहरू पूजाकोठाको ढोकाको दाँयाबाँया मूल प्रवेशद्वारभित्र पस्ने बित्तिकै दाँयापट्टिको भित्ताको खोपामा गरी चारवटा मूर्ति छन्। पूजाकोठाको ढोकाको दाँयाबाँया रहेका महाँकालको मूर्तिको उचाई ४६ से.मी. छ। यी सबै मूर्तिहरूका लक्षणहरू एकै किसिमका देखिन्छन्। काठमाडौं उपत्यकामा पाइने अन्य विहारहरूमा झैं यस विहारमा पनि संरक्षकको रूपमा महांकाल भैरवको मूर्ति स्थापित गरिएको छ। यी मूर्तिहरू एक शिर दुई बाहुका छन्। शवमाथि उभिएका भयानक मुखाकृतिका भैरवले नागयज्ञोपवित, नरमुण्डमाला र शिरमाकंकाल अंकित मुकुट लगाएका छन्। यी सर्पकुण्डल, सर्पकेयूर, सर्पहरू तथा गजचर्मले पनि सुशोभित देखिन्छन्। यिनले हातमा

खट्वाङ्ग लिई बाँया हातले खड्ग च्यापेका छन्। साधनामालामा तथा निश्पन्नयोगावलीमा महाँकाल भैरवको विभिन्न ध्यान र मुद्राको उल्लेख पाइन्छ। त्यसमा उनको एक शिर, दुई, चार, छ हातहरू अथवा आठ मुखमा सोह्र हातयुक्त सम्मको हुन सक्ने उल्लेख पाइन्छ। सर्पाभूषण, कुकुरदाँत, लच्केको गालपेट र व्याघ्रचर्मयुक्त यस महाँकाल देवतालाई दुष्टात्माबाट रक्षा गर्न गाउँ वा नगरको उत्तरपूर्वी ईशानकोणमा स्थापना गर्नुपर्ने नियम छ।[४४] साधनामाला चार हात भएको महाँकालको मूर्ति बनाउँदा अगाडिका दुई हातमा कर्तृ र कपाल धारण गरेको र पछाडिका दुई हातमा दाँयाबाँया खड्ग र खट्वाङ्ग लिएका बनाउनु पर्ने नियम छ।[४५]

**भक्त र भक्तिनीका मूर्तिहरु** (चित्र नं. १२)
पूजा कोठाको ठीक सामुन्ने ढंगाको पेटीमाथि तीनवटा ढुंगाका मूर्तिहरू छन्। यिनमा एउटा पुरूष र दुईवटा नारीका मूर्ति छन्। मुकुटधारी पुरूष कमलमाथि पलेटी कसी बसेका छन्। उनको दाँया हातमा पूजा सामान र बाँया हातमा घण्टा छन्। घुंडा मारी बसेका नारी मूर्तिहरूका हात अंजली मुद्रामा छन्। दुबै स्त्रीहरू हातमा बाजु, कान तथा गलामा गहनाहरूले सजिएका छन्। यिनका सारीका मुजा अगाडिपट्टि लत्रिएका छन्। पुरूष मूर्तिको उचाई ५४ से.मि. को छ भने बाँयापट्टि बसेको स्त्री मूर्तिको उचाई ४० से.मी. छ। यी मूर्तिहरू यस विहारका संस्थापक गुणज्योति तथा उनका जेठी तथा कान्छी पत्नीका बताइन्छन्।



*चित्र नं. १२*

**हलाहल लोकेश्वरको सानो मूर्ति**
यी मूर्तिहरूकै पछाडि दाँयापट्टि अर्को ढुंगाको मूर्ति राखिएको छ। यस मूर्तिको उचाई ५८ से.मि. को छ। यसमा आफ्नी शक्तिलाई आलिंगन गरिरहेको कुनै बौद्ध देवतालाई

देखाइएको छ। प्रतिमा लक्षणअनुसार यो मूर्ति हालाहल लोकेश्वरको हो। यसको लक्षण पूजा कोठाभित्र रहेको हलाहल लोकेश्वरको मूर्तिसंग मिल्दछ।

**पद्मपाणि बोधिसत्व**

यस बहालको चोकमो दुई चैत्यको बीच सिमेन्ट प्लास्टर गरिएको इँटाको गाह्रोमा एउटा ढुंगाको उभिएको मूर्ति छ। यो मूर्तिको एउटा हात वरद मुद्रामा र अर्को हातले घुमाउरो डांठ सहित फक्रेको कमलको फूल समाती उभिएको यो मूर्तिको उचाई ३५ से.मि. छ। यस मूर्तिले शिरमा मुकुट, कर्णभूषण, कंगन, हार, बाजु, विभिन्न आभूषणहरू लगाइएको छ। यस प्रतिमा विज्ञानअनुसार यो मूर्ति पद्मपाणि बोधिसत्वको हो। निश्पन्नयोगावलीअनुसार पद्मपाणि बोधिसत्व श्वेतवर्ण, दाँया हात वरद मुद्रा र बाँया हातमा कमलको फूल लिएको हुन्छ। यिनको मुकुटमा आध्यात्मिक बाबु अमिताभ बुद्धको मूर्ति राखेको हुन्छ।[४६] काठमाडौं उपत्यकाका प्रायः जसो विहारहरूमा पद्मपाणि बोधिसत्वको मूर्ति स्थापना गरिएको हुन्छ।

**उपसंहार**


यस लेखको सारांश के हो भने काठमाडौं ज्याठाटोलस्थित छुस्याबहाल (गुणाकर महाविहार) धार्मिक, सांस्कृतिक तथा वास्तुकलाको दृष्टिले अति महत्वपूर्ण छ। यसको समयलाई पुरातात्विक प्रमाणको आधारबाट ईस्वीको सत्रौं शताब्दीसम्म लान सकिन्छ। तर एस.वि. देवले यस विहारका काष्ठकलाको स्वरूपका आधारमा विहारको समयलाई चौधौं शताब्दीसम्म लगेका छन्। यसरी ऐतिहासिक दृष्टिले पनि महत्वपूर्ण रहेको यो विहार धार्मिक तथा कलाकृतिको दृष्टिकोणले काठमाडौंमा आजसम्म पनि परिचित्त रहेको छ।

छैठौं शताब्दी ई.पू.मा बुद्धको ज्ञान प्राप्तिपछि उनका सन्देशको रूपमा बुद्धधर्मको व्यापक प्रचार भई कालान्तरमा बौद्धविहारहरू विस्तृत रूपमा निर्माण हुन थाले। विहारको माध्यमबाट बौद्धधर्मसम्बन्धी शिक्षालाई स्थायित्व प्रदान गर्ने कार्य भयो। भगवान बुद्धको जन्मस्थल वर्तमान नेपालको कपिलवस्तुमा भएकोले बौद्धधर्मको नेपालसितको सम्बन्ध आरम्भदेखि नै थियो। काठमाडौं उपत्यका र वरिपरिका क्षेत्रहरूमा कुनबेलादेखि बौद्धधर्मको प्रवेश भयो भन्नेवारे निश्चयपूर्वक भन्न सकिंदैन। यहाँ पहिलोपल्ट लिखित प्रमाण पाँचौं शताब्दी ई. देखि मात्र पाइन थाल्दछ र यिनबाट हिन्दूधर्मको साथसाथै बौद्धधर्मको पनि स्थान निकै राम्रो भएको तथ्य थाहा पाइन्छ। त्यसबेलाका अभिलेखमा उपत्यकाका विभिन्न ठाउँमा विहारहरू निर्माण भएको उल्लेख पाइन्छ। मध्यकालमा आएर थुप्रै विहारहरूको निर्माण तथा जीर्णोद्धार भएको प्रामाणिक आधारहरू पाइन्छ। गुणाकर महाविहार पनि मल्लकालीन बौद्ध वास्तुकलाको एक अनुपम नमुना हो। गुणाकर नामविशेषबाट पनि यस कुराको आधार मिल्दछ।

काठमाडौं उपत्यकामा भएका प्राचीनतम विहारहरूको क्रममा रहेको ध्वाकाबहाल (हेनाकर महाविहार) का एक सदस्यले बनाएको यो गुणाकर महाविहारले बौद्ध

वास्तुकलाको जगतमा लोकप्रियता कायम गरेको कुरामा दुई मत छैन। विदेशी विद्वानहरूले यस विहार वास्तुकलाको नमुनालाई मुग्धकण्ठले प्रशंसा गरेका छन्। अन्य कतिपय विहारहरू आफ्नो वास्तु स्वरूपमा परिवर्तन भई वर्तमान अवस्थामा उक्त ठाउँमा नयाँ आधुनिक भवनहरू निर्माण भएको पाइन्छ। तर यस गुणाकर महाविहार (छुस्याबहाल) ले आफ्नो परम्परागत बौद्ध वास्तुस्वरूपलाई आजसम्म कायम राख्न सक्षम रहेको छ। विहारमा प्रयोग गरिएका काठका टुँडाल, तोरण, ढोका तथा झ्यालका उत्कृष्ट कलाकृतिले विहारको वास्तु-शैलीको अपूर्व टुँडालमा अंकित गरिएका विभिन्न धार्मिक कथामा आधारित कलाकृतिले काष्ठकलाको उत्कृष्ट नमूनालाई आजसम्म देखाउँदै आएको छ। कलाकारले काष्ठ सामग्रीमा देखाएको सुक्ष्म कलाकृतिको शीपलाई यहाँ देख्न पाइन्छ। सबैभन्दा महत्वपूर्ण पक्ष के छ भने कलाकार विभिन्न देवीदेवतालाई विविध धार्मिक ग्रन्थ र शास्त्रअनुसार उतार्न समर्थ रहेको छ। यसको साथै कतिपय कुराहरूमा अफ्नो मौलिकताको छाप छोड्न समर्थ भएको छ। यसैले काष्ठकलाको दृष्टिकोणले यो विहार नेपाली विहार-शैलीको महत्वपूर्ण धरोहर हो यस्तै प्रस्तर मूर्तिकलाको दृष्टिकोणले पनि विहारभित्र स्थापना गरिएका प्रस्तरका अक्षोभ्यको मूर्ति तथा अन्य मूर्तिहरू जस्तो अमोघपाश लोकेश्वर, मन्जुश्री, हलाहल लोकेश्वर, महाँकाल आदिका मूर्तिहरूलाई महत्वपूर्ण रूपमा लिन सकिन्छ। यी मूर्तिले त्यसबेलाको प्रस्तरकलाको स्वरूपको प्रतिनिधित्व गरेको छ।

मध्यकालीन वास्तुकलामा उत्कृष्ट नमुनाको रूपमा मानिएको यो विहारको एकपटक पनि पूर्ण र राम्रो जीर्णोद्धार कार्य भएको देखिंदैन, जसको कारणबाट विहारको भौतिक अवस्था नाजुक देखिन्छ। यस विहारमा खुल्ला रूपमा प्रदर्शित भएर रहेका तत्कालीन कतिपय कलाकृतिको आधारभूत अध्ययन भएको र तिनको जिम्मेवार क्षेत्रबाट स्पष्ट अभिलेख राखिएको पनि पाईंदैन। राम्रो संरक्षण र व्यवस्थाको अभावमा यहाँका काठका कलात्मक तोरण, टुँडाल आदि चोरिनु र बिग्रनुको अवस्थामा रहेका छन्। भित्ता तथा छाना भत्किने अवस्थामा छन्। (चित्र नं. १३, १४) हाल आएर यस मध्यकालीन बौद्ध काष्ठकला भण्डारमा भर्थेक तथा सक्षम मानिएको विहारको संरक्षण र अध्ययनको सुप्रबन्ध हुनु नितान्त आवश्यक महसूस गरी विहारकै सदस्यहरूमध्येबाट एक विहार संरक्षण समिति स्थापना गरिएको छ, तर अहिलेसम्म सो समितिले जीर्णोद्वारसम्बन्धी ठोस कार्य संचालन गरेको देखिंदैन। विहारको स्थायी आयस्ता नभएको र विहार नै मासिएर जाने सम्भावना देखिएको हुँदा विहारको संरक्षणको लागि बाहिरी दात्री संस्थाहरूबाट सहयोगको अपेक्षा राखिएको कुरा विहारका सम्बन्धित व्यक्तिबाट थाहा पाइन्छ। जसस्वरूप चारवटा दात्री संस्थाहरू एन.एच.एस. (नेपाल हेरीटिज सोसाइटी), आइ.यू.सि.एन. (इन्टरनेशनल युनियन फर कन्जरभेसन नेपाल), यु.एस.ए.आइ.डी. (युनाइटेड स्टेट एजेन्सी फर इन्टरनेशनल डेभलपमेन्ट) तथा जी.एम.सी.सी. को सहयोगबाट यस विहारको जीर्णोद्वार हुन गइरहेको छ। यो हामी नेपालीहरूका लागि खुशीको कुरा हो।



चित्र नं. १३



चित्र नं. १४

**पाद टिप्पणी**

१. उल्फग्याङ्ग कर्न, "दि ट्रेडिशनल आर्किटेक्चर अफ द काठमाडौं भ्याली", (काठमाडौं: रत्नपुस्तक भण्डार, ई. १९७९) पृ. ३६।

२. ए.डब्लु मैक्डोनाल्ड एण्ड एभी मेर्गती स्टाड, "नेवार आर्ट", (न्यू दिल्लीः विकाश पब्लिशिङ्ग हाउस, ई. १९७९) पृ. ३६।
३. सूर्यविक्रम ज्ञवाली, "नेपाल उपत्यकाको मध्यकालीन इतिहास", (काठमाडौंः नेपाल एकेडेमी, वि.सं. २०३९) पृ. १८३।
४. ऐजन।
५. ऐजन।
६. जोन के. लक, "करूणामय" (काठमाडौंः सहयोगी प्रेस, ई. १९८०) पृ. १३।
७. मैकडोनाल्ड एण्ड स्टाड, पूर्ववत् २, पृ. ७६।
८. कर्न, पूर्ववत् १, पृ. ३७।
९. एम.वि. जोसेफ, "द विहारज् अफ द काठमाडौं भ्याली", ओरिन्टल आर्ट, अंक १, समर ई. १९७१, पृ. १२१-४३।
१०. ऐजन।
११. कर्न, पूर्ववत् ८, पृ. ३७।
१२. मेकडोनाल्ड एण्ड स्टाड, पूर्ववत् २, पृ. ७३।
१३. कर्न, पूर्ववत् ११, पृ. ३६।
१४. रूक्मिणी वन्त (प्रधान), "विक्रमशील महाविहारको एतिहासिक महत्त्व", कन्ट्रिब्युसन्स टु नेपलिज स्टडिज, भो. १२, नं. २, (अप्रिल १९८५, पृ. १०३।
१५. एस.वि.देव., "ग्लिम्पस अफ नेपाल उड्वर्क" द जर्नल अफ द इन्डियन सोसाइटी अफ ओरिन्टल आर्ट" (न्यू सिरिज, भा. ३, १९६८-६९ ई.) पृ. १८।
१६. ऐजन, पृ. ३६।
१७. दीपकचन्द्र भट्टाचार्य, "आइक्नोग्राफी अफ प्रज्ञापारमिता", स्टडिज इन बुद्धिष्ट आइक्नोग्राफी (न्यू दिल्लीः मनोहर, ई. १९७८), पृ. ३७।
१८. ऐजन।
१९. विनयतोष भट्टाचार्य, "द इण्डियन बुद्धिष्ट आइक्नोग्राफी", (कलकत्ताः फर्मा के.एल. मुखोपाध्याय, ई. १९६८) पृ. ७५।
२०. ऐजन।
२१. डिल्लीरमण रेग्मी, "मेडिभल नेपाल" भाग २, (कलकत्ताः फर्मा के.एल. मुखोपाध्याय, ई. १९६७), पृ. ८७२।
२२. देव, पूर्ववत १५, पृ. २८।
२३. करेल रिजिक भान कुंइज "द आइक्नोग्राफी अफ बुद्धिष्ट उड कार्भिङ्ग इन ए नेवार मोनाष्ट्री इन काठमाडौं" जर्नल अफ द नेपाल रिसर्च सेन्टर, भो. १, नं. १, ई. १९७७, पृ. ४८।
२४. भट्टाचार्य, पूर्ववत् १९, पृ. ३१३-३१५।
२५. कुइज, पूर्ववत् २३, पृ. ५१।
२६. वी. भट्टाचार्य, पूर्ववत् २४, पृ. ४८।

२७. ऐजन, पृ. ३०२-३०५।
२८. ऐजन, पृ. ३०३।
२९. ऐजन, पृ. ३०४।
३०. ऐजन, पृ. ३०५।
३१. ऐजन।
३२. कुइज, पूर्वत् २५, पृ. ६०।
३३. भट्टाचार्य, पूर्ववत् ३१, पृ. २०२।
३४. ऐजन, पृ. २०५।
३५. ऐजन, पृ. ३४९।
३६. ऐजन, पृ. ३३९।
३७. ऐजन, पृ. २१४-१५।
३८. ऐजन, पृ. २०८।
३९. ऐजन, पृ. २२४।
४०. ऐजन, पृ. ४८।
४१. ऐजन, पृ. १०२।
४२. ऐजन, पृ. १३२-१३३।
४३. ऐजन, पृ. ४२८।
४४. ऐजन, पृ. ३४५।
४५. ऐजन।
४६. भिक्षु सुदर्शन, "पद्मपाणि बोधिसत्व" (पाटनः रत्नमान शाक्य, अशोकमान शाक्य, वि.सं. २०३६), पृ. ५३।